Sydney Hospital & Sydney Eye Hospital

Health
South Eastern Sydney
Local Health District

# शल्यक्रिया गराउन लागेका सबै बिरामीका लागि महत्वपूर्ण जानकारी (Important Information for ALL Patients Having and Operation)

## 1. के खान र पिउन हुन्छ? (What to eat and drink)

**बिहानी शल्यक्रिया**
तपाईंको शल्यक्रियाअघिको मध्यरातपछि केही खाना नखानुस्। तपाईंको भर्नाको समयसम्म तपाईंले पानी पिउन सक्नुहुन्छ। तथापि, कृपया याद गर्नुस् कि यदि तपाईंको भर्ना समय बिहान ६.३० बजे हो भने बिहान ६ बजेपछि केही नपिउनुस्।

**दिउँसोको शल्यक्रिया**
बिहानको ७ बजेपछि केही पनि नखानुस्। तपाईंले बिहान ७ बजे देखि ११ बजेको बीचमा पानी पिउन सक्नुहुन्छ। तपाईंको भर्नाको समयपछि केही पनि नपिउनुस्।

## 2. औषधि (Medicines)

तपाईंको बिहान खाने सबै औषधिहरू अस्पताल आउनुअघि पानीसँग सेवन गर्नुस्। विशेषगरी मुटु तथा रक्तचापको औषधिहरू खानुहोस्- तपाईंले खाना खाने तथा पिउने रोकेको भएता पनि। यदि तपाईंलाई मधुमेह लागेको छ भने कृपया मधुमेहको औषधिहरूको पृष्ठमा दिइएको निर्देशनहरू हेर्नुहोस्।

तपाईंको अस्पताल वा शल्यचिकित्सकले बन्द गर्न नभनेसम्म सबै anticoagulants (रगत पातलो बनाउने) औषधि लिनुहोस्। रगत पातलो बनाउने औषधिहरूमा: Aspirin, Prasugrel (Effient®), Ticagrelor (Brilinta®), Clopidogrel (Plavix®, Plavicor®, Clovix®, Plidogrel®, Isocover®, Piax®) combination of aspirin/clopidogrel (Co-plavix®, Duocover®, DuoPlidogrel®, Piax Plus Aspirin®), Warfarin (Marevan®, Coumadin®), Dabigatran (Pradaxa®), Apixaban (Eliquis®) or Rivaroxaban (Xarelto®) लगायत पर्छन्।

## 3. अस्पतालमा ल्याउने पर्ने वस्तुहरू: (Things to Bring to Hospital)

- रक्तपरीक्षण, छातीको एक्सरे, इसीजी र/वा अन्य विशेषज्ञ डाक्टरका पत्रहरू (जस्तै मुटुरोग विशेषज्ञ) लगायत गत ६ महिनादेखिका सबै परीक्षण नतिजाहरू। तपाईंको डाक्टर (GP) सँग तिनको प्रतिलिपि हुनुपर्छ। तपाईंलाई नभनेसम्म कुनै नयाँ परीक्षण गर्ने जरूरत पर्दैन।
- श्वास तान्ने इन्हेलर (puffers), इन्सुलिन र प्राकृतिक औषधिहरूलगायतको तपाईंले हाल लिइरहनुभएका सबै औषधिको सम्भव भएसम्म तिनको आफ्नै भाँडो/बाकससहित ल्याउनुहोस्
- चश्मा – पढ्दा लगाउने र टाढा हेर्नका लागि लगाउने, यदि तपाईं लगाउनुहुन्छ भने
- इच्छा भए ड्रेसिङ गाउन तथा चप्पल

**सबै बिरामीको शल्यक्रियापश्चात उनीहरूलाई लिन आउने कोही मानिस हुनुपर्छ अन्यथा शल्यक्रियालाई रद्द गरिनेछ । (शल्यक्रियाको मिति अगावै अस्पतालको कर्मचारीसँग अन्य बन्दोबस्तको बारेमा छलफल भएको अवस्थामा बाहेक)**

यदि तपाईंसँग कुनै प्रश्न छ वा यी निर्देशनहरूलाई बुझ्नुहुन्न भने कृपया सम्पर्क गर्नुहोस:

**आँखाको शल्यक्रिया:** फोन 9382 7124 सोमबारदेखि शुक्रबार बिहान १० बजे देखि दिउँसो २ बजेसम्म

**हात वा इएनटी (नाक/कान/घाँटी) शल्यक्रिया:** फोन 9382 7123 सोमबारदेखि शुक्रबार दिउँसो २ बजेदेखि साँझ ७ बजेसम्म

**यदि तपाईंलाई मधुमेह छ भने कृपया 'मधुमेहका बिरामीका लागि' र 'सुरक्षा सतर्कता' निर्देशन पत्रहरू हेर्नुहोस्**

Developed in collaboration with Anaesthetics, Medical, Pharmacy and Nursing staff: August 2018, Trim Ref. T18/55592

# महुमेह (डाइबिटिज) भएका बिरामीका लागि (For patients with Diabetes)

**यदि तपाईंलाई टाइप १ वा टाइप २ कुन प्रकारको मधुमेह लागेको छ भन्नेमा निश्चित हुनुहुन्न भने र/वा यदि तपाईंको रक्त ग्लुकोज मात्रा (BGL) लगातारूपमा 10mmol/L भन्दा माथि छ भने कृपया शल्यक्रियाअघि तपाईंको स्थानीय डाक्टर, एन्डोक्रिनोलोजिस्ट वा मधुमेह प्रशिक्षकसँग सल्लाह गर्नुहोस्।**

## शल्यक्रियाभन्दा २४ घण्टाअघि

कृपया एक दिनमा कम्तीमा ४ पटक आफ्नो BGL जाँच्नुहोस् (हरेक खानाअघि र सुत्नुअघि)।
यदि तपाईंलाई हाइपोग्लाइसेमियाको लक्षण भएमा वा BGL को मात्रा कम देखिएमा, कृपया स्याउको शुद्ध रस पिउनुहोस्। भर्नाको समयसम्म तपाईंलाई यो पिउन अनुमति दिइन्छ।

## मधुमेहको ट्याब्लेट: महत्वपूर्ण सुरक्षा सतर्कता

तपाईंले यदि तल दिइएकामध्ये कुनै औषधि लिइरहनुभएको छ भने छुट्टै 'सावधान मधुमेहका बिरामी' सूचना हेर्नुहोस्: **Jardiance®** (empagliflozin), **Forxiga®** (dapagliflozin), **Jardiamet®** (metformin/empagliflozin), **Xigduo®** (metformin/dapagliflozin), **Qtern®** (saxagliptin/dapagliflozin), **Glyxambi®** (empagliflozin/linagliptin)

# बिहानमा शल्यक्रिया हुने बिरामीहरूको लागि (For patients having Morning Surgery)

### TYPE 1 मधुमेह

शल्यक्रियाको अघिल्लो रात

- साँझको खानासँग छिटो काम गर्ने (short acting) इन्सुलिनको नियमित मात्रा लिनुहोस्
- लामो समय काम गर्ने (long acting) इन्सुलिनको मात्रामा १०% ले घटाउनुस्

शल्यक्रियाको दिन

- तपाईको छिटो काम गर्ने इन्सुलिन नलिनुस्
- यदि तपाई लामो समय काम गर्ने इन्सुलिन बिहान लगाउनुहुन्छ भने २०% ले मात्रा कम गर्नुस्

### TYPE 2 मधुमेह

शल्यक्रियाको अघिल्लो रात

- छोटो समय काम गर्ने इन्सुलिनको नियमित मात्रालाई तपाईको साँझको खानासँग लिनुहोस्
- लामो समय काम गर्ने वा अग्रीम मिस्रित इन्लुलिन १०% ले कम गर्नुस्।
- नियमितझैं आफ्नो मधुमेह ट्याब्लेट लिनुहोस् (माथि सूचीकृत 'मधुमेह ट्याब्लेट: महत्वपूर्ण सुरक्षा सतर्कता' मा दिइएका बाहेक)
- तपाईको अन्य मधुमेह सुईलाई निममितझैं लिनुहोस् (Byetta®, Bydureon®, Victoza® र Saxenda®)

शल्यक्रियाको दिन

- तपाईको मधुमेह ट्याब्लेट नलिनुस्
- बिहानको इन्सुलिन नलिनुस्
- अन्य मधुमेहका सुई नलिनुहोस् (Byetta®, Bydureon®, Victoza® र Saxenda®)

**इन्सुलिनका प्रकारहरु**

**छिटो काम गर्ने (Short Acting)**
Actrapid®
Humulin R®
Novorapid®
Humalog®
Apidra®

**लामो समय काम गर्ने (Long Acting)**
Humulin NPH®
Protaphane®
Levemir®
Lantus®
Toujeo Solostar®

**अग्रीम मिस्रित इन्सुलिन (Pre mix)**
NovoMix 30®
Humalog Mix25®,
Humalog Mix50®
Humulin Mix 30/70®
Mixtard 30/70®,
Mixtard 50/50®

# दिउँसो गरिने शल्यक्रियाका बिरामीका लागि (For patients having Afternoon Surgery)

## TYPE 1 मधुमेह

**शल्यक्रियाको अघिल्लो रात**
तपाईको लामो वा छोटो समय काम गर्ने इन्सुलिनको नियमित मात्रा लिनुहोस्

**शल्यक्रियाको दिन**

- बिहान ७ बजेअगावैको नास्तामा छोटो समय काम गर्ने इन्सुलिनलाई नियमितको भन्दा आधा (५०%) मात्रा लिनुहोस्।
- लामो समय काम गर्ने इन्सुलिनको बिहानको मात्रामा २०% ले घटाउनुहोस्।

## TYPE 2 मधुमेह

**शल्यक्रियाको अघिल्लो रात**
तपाईको सबै मधुमेहको औधषिहरु (ट्याब्लेट तथा सुई) नियमितझैं लिनुहोस् - माथि सूचीकृत 'मधुमेह ट्याब्लेट: महत्वपूर्ण सुरक्षा सतर्कता' मा दिइएको बाहेक।

शल्यक्रियाको दिन

- तपाईको मधुमेहको ट्याब्लेट सेवन नगर्नुस्
- ७ बजेअगावै बिहानको नास्तासँग तपाईको नियमित इन्सुलिनको मात्रामा आधा (५०%) ले कम गर्नुहोस् (छोटो र/वा लामो समय काम गर्ने)
- अन्य खालका मधुमेह सुई नलगाउनुहोस् (Byetta®, Bydureon®, Victoza® र Saxenda®)

**इन्सुलिनका प्रकारहरु**
**छिटो काम गर्ने (Short Acting)**
Actrapid®
Humulin R®
Novorapid®
Humalog®
Apidra®

**लामो समय काम गर्ने (Long Acting)**
Humulin NPH®
Protaphane®
Levemir®
Lantus®
Toujeo Solostar®

**अग्रीम मिस्रित इन्सुलिन (Pre-mix)**
NovoMix 30®
Humalog Mix25®, Humalog Mix50®
Humulin Mix 30/70®
Mixtard 30/70®,
Mixtard 50/50®

# इन्सुलिन पम्प प्रयोग गर्ने बिरामीका लागि (For patients on Insulin Pumps)

यदि तपाईं इन्सुलिन पम्प प्रयोग गर्नुहुन्छ भने कृपया आफ्नो एण्डोक्रिनोलोजिस्ट वा मधुमेह प्रशिक्षकलाई सुझावका लागि फोन गर्नुहोस्।

यदि तपाईसँग कुनै प्रश्न छ वा यी निर्देशनहरूलाई बुझ्नुहुन्न भने कृपया सम्पर्क गर्नुहोस:
**आँखाको शल्यक्रिया:** फोन 9382 7124 सोमबारदेखि शुक्रबार बिहान १० बजे देखि दिउँसो २ बजेसम्म
**हात वा इएनटी (नाक/कान/घाँटी) शल्यक्रिया:** फोन 9382 7123 सोमबारदेखि शुक्रबार दिउँसो २ बजेदेखि साँझ ७ बजेसम्म

Developed in collaboration with Anaesthetics, Medical, Pharmacy and Nursing staff: August 2018, Trim Ref. T18/55592